# आर्थिक वर्ष २०८३/८४ को

## बजेट बक्तव्य

लुङ्ग्री गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

वडाचौर, रोल्पा

गाउँसभामा पेश भएको मितिः २०८३।०३।०९

# आर्थिक वर्ष २०८३/८४ को बजेट बक्तव्य

**गाउँ सभाका सभाध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

**सभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरु,**

**संचारकर्मी तथा पत्रकारहरु,**

**अन्य उपस्थित महानुभावहरु,**

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भई गठन भएको गाउँसभामा चौथो पटक आर्थिक वर्ष २०८३।८४ को बजेट पेश गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु। यस अवसरमा नेपालको राजनैतिक अग्रगमन लोकतन्त्रको सबलिकरण एवं संविधान निर्माण मार्फत राज्यको पुनः संरचनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मुक्ति युद्ध लगाएतका आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाइते, अपाङ्ग, असक्त योद्धाहरुको शिघ्र स्वास्थ्य लाभ र दिर्घ जीवनको कामना गर्दछु।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई संवैधानिक रुपमा सार्वभौम अधिकारको प्रत्याभूत गरेको छ। स्थानीय तहहरुको स्थापना भई संचालनमा आएको नौ वर्ष पुरा भएको छ। यस अवधिमा नागरीकहरुमा स्थानीय सरकार प्रतिको विश्वास र अपेक्षा वृद्धि हुनु स्वाभाविकै हो। नागरीकको सबैभन्दा नजिकको सरकार भएकाले पनि स्थानीय सरकारसँग नागरीकका अधिक अपेक्षाहरू रहेका छन्। ती अपेक्षाहरुको सम्वोधन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा छ। गाउँपालिकाको

अधिकार क्षेत्रभित्र रहेका सिमित श्रोत साधनको उच्चतम उपयोग र व्यवस्थापन गर्दै जनताका विकास र समृद्धिका अपेक्षाहरू सम्बोधन गरी न्यायपूर्ण समाज निर्माण गर्नु गाउँपालिकाको मुख्य चूनौति हो। नेपालको संविधान, सोह्रौ योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, गाउँपालिकाको प्रथम आवधिक योजना, मध्ययमकालिन खर्च संरचना, जनताहरुसंग चुनावमा गरीएका प्रतिवद्धता, गाउँपालिकाको नीति तथा कार्यक्रम तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी प्रस्तुत बजेट तयार गरेको छु। बजेट निर्माणमा महत्वपूर्ण सल्लाह तथा सुझाव दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरीक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आभार व्यक्त गर्दै बजेट कार्यान्वयनमा समेत सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रमहरुको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु।

- चालु आर्थिक वर्षमा संशोधन सहित आय अनुमान रु ५० करोड १६ लाख ५१हजार २ सय ३७ रुपैयाको गरीएकोमा हालसम्म ४४ करोड ८४ लाख ४९ हजार ८ सय २५ अर्थात ८९.३९ प्रतिशत आम्दानी भएको छ। संघीय समानीकरण अनुदान रु ८ करोड ९९ लाख प्रक्षेपण भएकोमा हालसम्म ८ करोड २२ लाख १३ हजार ५ सय ५० मात्र प्राप्त भएको छ। जुन विनियोजन भन्दा ७६ लाख ८६ हजार ४ सय ५० कम हो। प्रदेश समानीकरण अनुदान प्रक्षेपण बमोजिम ५९ लाख १० हजार सम्पुर्ण प्राप्त भएको छ। संघीय राजस्व बाँडफाँड १० करोड ५० लाख २६ हजार ४ सय ४१ अनुमान भएकोमा

हालसम्म ८ करोड ४९ लाख ८६ हजार ६ सय ५६ मात्र प्राप्त भएको छ भने प्रदेश राजस्व बाँडफाँडको रकम रु ८६ लाख ३३ हजार अनुमान भएकोमा हालसम्म ८४ लाख ३० हजार ९ सय ९३ मात्र प्राप्त भएको छ । आन्तरिक राजस्वको अनुमान ५९ लाख ४६ हजार ८ सय गरीएकोमा हालसम्म रु.४३ लाख ३९ हजार ५९ मात्र संकलन भएको छ।

- चालु तर्फ रु.३४ करोड २३ लाख ११ हजार १ सय ४१ बिनियोजन गरीएकोमा हालसम्म रु २१ करोड १५ लाख ७६ हजार ८ सय ६३ अर्थात ६२ प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी पूँजीगत तर्फ रु १५ करोड ९३ लाख ४० हजार ९६ मात्र विनियोजन गरीएकोमा हालसम्म रु ५ करोड ७९ लाख ९२ हजार ३ सय ८७ अर्थात ३६.४ प्रतिशत खर्च भएको देखिन्छ।

**अब म आर्थिक बर्ष २०८३/८४ को बजेटको उद्देश्य र प्राथमिकताहरु पेश गर्न अनुमति चाहन्छु।**

<u>बजेटका उद्देश्यहरु</u>

- कृषि, पशुपालन, व्यापार तथा लघु उद्यम क्षेत्रको व्यवसायीकरण र विविधीकरण गरी स्थानीय स्तरमै रोजगारी र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने।
- स्थानीय स्रोत र साधनको अधिकतम पहिचान, उत्खनन र परिचालन गरी "समृद्ध लुङ्ग्रीः सुखी लुङ्ग्रीबासी" भन्ने दीर्घकालीन सोचलाई पूरा गर्ने।
- सडक, भवन, मोटरेबल पुल तथा झोलुङ्गे पुल जस्ता पूर्वाधारहरूको गुणस्तर कायम गर्दै नियमित मर्मत सम्भार पद्धतिको विकास गर्ने।
- समाजमा विद्यमान जातीय विभेद, बालविवाह, घरेलु हिंसा जस्ता सामाजिक कुरीतिको अन्त्य गर्दै सबै वर्ग, लिङ्ग, जाति र समुदायको सेवा प्रवाहमा औचित्यपूर्ण सहभागिता सुनिश्चित गर्ने।

- सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र कागजविहीन बनाउन विद्युतीय प्रणाली र एकीकृत सफ्टवेयरलाई व्यापक रूपमा कार्यान्वयनमा ल्याउने।
- पाँच वर्षमुनिका बालबालिका, किशोरकिशोरी र प्रजनन उमेरका महिलाहरूको पोषण अवस्थामा सुधार गरी पुस्तान्तर कुपोषणको दुष्चक्र तोड्ने।
- गाउँपालिकाभित्रका विशिष्ट संस्कार, संस्कृति, प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण एवं प्रवर्द्धन गरी पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्ने।
- स्थानीय कृषि, जलस्रोत र बस्तीलाई जलवायु अनुकूल बनाउने तथा विपद् पूर्वतयारी र जोखिम न्यूनीकरण योजनालाई व्यवस्थित गर्ने।
- संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकमलाई पुँजीगत तथा तुलनात्मक लाभका क्षेत्रमा लगानी गरी आत्मनिर्भरता बढाउने।
- स्थानीय न्यायिक समितिको क्षेत्राधिकार सुदृढ गर्दै नागरिकहरूलाई सहज, निष्पक्ष र निःशुल्क कानुनी परामर्श सेवाको सुनिश्चितता गर्ने।

**बजेटका प्राथमिकताहरु**

- रैथाने बालीको संरक्षण, आधुनिक कृषि यान्त्रिकीकरण, माटो परीक्षण, जैविक मलको प्रयोग र सामूहिक खेतीका लागि पकेट क्षेत्र निर्माण गर्ने।
- नयाँ ट्र्याक खोल्नुभन्दा भएका सडकहरूको स्तरोन्नति, ग्राभेल र मर्मत सम्भार गरी बाह्रै महिना सडक सञ्जाल सञ्चालनमा ल्याउने।
- दिगो विकास लक्ष्य ६ बमोजिम डिपिआर (DPR) तयार गरी सबै घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याउने र पानीको गुणस्तर परीक्षण गर्ने।
- विद्यालयहरूको वर्गीकरण, विषयगत दरबन्दी मिलान, दिवा खाजामा स्थानीय कृषि उपजको प्रयोग र प्राविधिक शिक्षामा सहुलियत प्रदान गर्ने।

- अशक्त, ज्येष्ठ नागरिक र सुत्केरीका लागि घरमै स्वास्थ्य सेवा दिने तथा सीमान्तकृत एवं विपन्न परिवारलाई निःशुल्क स्वास्थ्य बिमामा आबद्ध गर्ने।
- रिटर्नी युवाहरूको सीप, पुँजी र अनुभवलाई स्थानीय स्तरमै उद्यमशीलता प्रवर्द्धन र "रोजगारी बैंक" मार्फत उपयोग गर्ने।
- करका दरलाई समुचित गर्दै दायरा विस्तार गर्ने, एकीकृत सम्पत्ति कर लागू गर्ने र खानी एवं व्यवसायलाई करको दायरामा ल्याउने।
- सार्वजनिक संरचनाहरूलाई पूर्ण रूपमा अपाङ्गतामैत्री र बालमैत्री बनाउने तथा लक्षित वर्गको आर्थिक-सामाजिक सशक्तीकरण गर्ने।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता ल्याउन डिजिटल नागरिक बडापत्र, अनलाइन राजस्व भुक्तानी र सुझाव पेटिकाको व्यवस्था गर्ने।
- पूर्वाधार निर्माणमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने, वृक्षारोपण बढाउने र ढुङ्गा-गिट्टी-बालुवाको अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्ने।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८३/८४ को लागि लुङ्ग्री गाउँपालिकाको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।**

संघीय र प्रदेश सरकारबाट प्राप्त विभिन्न स्रोत अन्तरगत बजेटका सिलिङ, गाउँपालिकाको आन्तरिक आयको अवस्था र हालसम्म भएको बजेट खर्चको अबस्थालाई औंल्याई आगमी आ.व.२०८३/८४ को लागि स्रोतगत आय अनुमान निम्न अनुसार रहेको छ।

- नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान-रु.९ करोड १० लाख
- नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान- रु.२० करोड ३१ लाख
- नेपाल सरकारबाट प्राप्त हुने विषेश अनुदान- रु.८७ लाख
- नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान-रु. १ करोड ८२ लाख

- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान- रु ५९ लाख ६२ हजार
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान- रु ७२ लाख ७५ हजार
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने विषेश अनुदान-रु २२ लाख
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान-रु.७५ लाख
- संघीय राजस्व बाँडफाँड बाफतको रकम- रु.१० करोड ३३ लाख २६ हजार
- प्रदेश राजस्व बाँडफाँड बाफतको रकम-रु १ करोड ७ हजार
- आन्तरिक राजस्व अनुमान- रु ६८ लाख २५ हजार ५ सय ७०
- बैङ्क मौज्यात- रु.२ करोड ४४ लाख

उल्लेखित सबै स्रोतको आय जोड्दा आगामी आ.व.को लागि गाउँपालिकाको संचित कोष मार्फत खर्च गर्न सकिने कुल आय ४८ करोड ८४ लाख ९५ हजार ५ सय ७० अनुमान गरेको छु।

**सभा सदस्यजयूहरु,**

अब म सभाध्यक्षको अनुमतिले आ.व.२०८३/०८४ को लुङ्ग्री गाउँपालिकाको आर्थिक विद्येयक,२०८३ तथा विनियोजन विद्येयक,२०८३ यस सभा समक्ष छलफलका लागि पेश गर्दछु।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८३/८४ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुसार शाखागत तथा वडागत बजेट विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

- वडाको आवश्यकता, वस्तिस्तरबाट प्राप्त भएका योजना/कार्यक्रमहरुको प्राथमिकीकरण, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरु संचालन तथा व्यवस्थापन लगाएतका वडा स्तरीय अन्य आधारभूत योजना तथा कार्यक्रम कार्यालय संञ्चालन

तथा प्रशासनिक खर्च विनियोजनको २५ प्रतिशत नबढ्ने गरी तर्जुमाको लागि ७ वटै वडाहरुलाई आवश्कता र क्षमताको आधारमा एकमुष्ट रु.३ करोड ८० लाख विनियोजन गरेको छु।

- कार्यक्रम संचालन गर्ने विषयगत शाखा तथा कार्यक्रमगत शाखा अन्तरगत आवश्यकता र प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा अनिवार्य दायित्व पुरा गर्न सशर्त अनुदान बाहेक शिक्षा शाखाको लागि रु ३ करोड १४ लाख १९ हजार, स्वास्थ्य शाखाको लागि ५४ लाख ५ हजार, महिला बालबालिका शाखाको लागि १९ लाख ८९ हजार सात सय छयानब्बे रुपैयाँ, पञ्जिकरण सामाजिक सुरक्षा शाखाको लागि रु. ८ लाख १५ हजार रुपैयाँ, सिप, रोजगार तथा उद्यमशिलता केन्द्रको साझेदारीको लागि रु ३१ लाख ३९ हजार, लघु उद्यम विकास कार्यक्रम साझेदारीको लागि रु.५ लाख र बहुक्षेत्रीय पोषण कार्यक्रम साझेदारीको लागि रु.५ लाख विनियोजन गरेको छु।

- यस वर्ष लुङ्ग्री गाउँपालिकाको विशेष अनुदान मार्फत कृषि आधुनिकिकरण, व्यवसायीकरण तथा बजारीकरण परियोजना सञ्चालन रहने भएकोले सो कार्यक्रम मार्फत कृषि तथा पशु विकास शाखाको लागि एकमुष्ट रुपमा रु ९९ लाख रुपैयाँ विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८३/८४ को लागि विनियोजित कार्यक्रमको संक्षिप्त विवरण सभासमक्ष पेश गर्न अनुमती चाहन्छु ।**

## कृषि तथा पशु

- तरकारी पकेट कार्यक्रमलाई निरन्तरता दिन संघीय शसर्त अनुदान मार्फत रु १२ लाख र रैथाने बाली प्रवर्धनको लागि रु ७ लाख विनियोजन गरेको छु।
- पशुपालन व्यवसायलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम, औषधी खरिद, निशुल्क पशु स्वास्थ्य शिविर,शाखाका कर्मचारीहरुको क्षमता विकास, पशु खोप शिविर जस्ता सालबसाली कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषि पेसालाई प्रोत्साहन गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न तरकारीको मिनिकिट वितरण, सिचाइ पोखरी निर्माण, प्लाष्टिक टनेल वितरण, खाद्यान्न बालि, कोसेवाली, तेलहन बालिको उत्पादनमा वृद्धिको लागि बिउ वितरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषकको क्षमता विकास तथा रैथान बाली प्रवर्धन गर्न कृषकहरुलाई तालिमको व्यवस्था गरेको छु।
- कृषि तथा पशुपंछि क्षेत्रको समग्र विकास गरी आर्थिक विकासमा टेवा पुर्‍याउने चालु तथा पूँजीगत योजना कार्यान्वयनका लागि रु. ९९ लाख विनियोजन गरेको छु।

## सडक तथा भौतिक पूर्वाधार

- गाउँपालिकाका मुख्य मुख्य सडकहरूको नियमित मर्मत तथा सम्भार गरिने छ। मुल सडकहरूमा हुने अवरोधलाई हटाई नियमित संचालनका लागि प्रत्येक वडामा आवश्यक बजेट विनियोजन गरेको छु।
- बाढी तथा पहिरोबाट हुने आकस्मिक अवरोध हटाई गाउँपालिका भित्रका मुख्य सडकहरु नियमित संञ्चालनको लागि गाउपालिकाको तर्फबाट सडक मर्मत सम्भार कोष शीर्षकमा रु.१५ लाख विनियोजन गरेको छु।

- गाउँपालिका तथा संघीय सरकारको साझेदारीमा भैवाङ खोलामा झोलुङ्गे पुल निर्माण गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- भैवाङ मोटरबाटो निर्माणका लागि रु १० लाख, मनेकोट बाटो निर्माणका लागि रु १० लाख, खद्दर देउराली मोटरबाटोको लागि १० लाख, हिमाल प्रा.वि. भवन निर्माणको लागि रु २० लाख, युवावर्ष माध्यमिक विद्यालय खेल मैदानको लागि रु ८ लाख, होक्लावाङ मोटरबाटो निर्माणको लागि रु ६ लाख विनियोजन गरेको छु।
- सरस्वती प्रा वि देखि बुढाथोकी थापाटोल मोटरबाटो निर्माणको लागि ५ लाख, असारे काफलचौर खानेपानी योजनाको लागि रु ६ लाख, हिक्मतेश्वर माध्यमिक विद्यालय घेराबारको लागि रु ७ लाख, गुफाथान मस्टाथान मोटरबाटो निर्माण लुङ्ग्री २ को लागि ५ लाख  विनियोजन गरेको छु।
- सिमगिठा प्यूठान खाल मोटरबाटो निर्माणको लागि रु १० लाख, सिमगिठा विद्यालय भवन निर्माणको लागि १० लाख, सामाजिक माध्यमिक विद्यालयको ट्रस निर्माणको लागि रु १५ लाख, गौडादेखि सुनिलस्मृती जोड्ने मोटरबाटो निर्माणको लागि रु ५ लाख समेत विनियोजन गरेको छु।
- कुञ्जरी खेलमैदान निर्माणको लागि ७ लाख, नम्जा दलितवस्ती खानेपनीको लागि रु १२ लाख, नम्जा खर्क मोटरबाटो निर्माण लुङ्ग्री ४ को लागि रु ७ लाख, पिपिलधारा खोरबझेरा खानेपानी को लागि रु ४ लाख विनियोजन गरेको छु।
- बराहक्षेत्र माध्यमिक विद्यालयको संरचना निर्माणका लागि रु १० लाख, लम्चुती मोटरबाटो निर्माणको लागि रु १० लाख, सर्कना खेलमैदान निर्माणको लागि रु ६ लाख, गोठेखर्क खेलमैदान निर्माणको लागि रु ५ लाख विनियोजन गरेको छु।
- नेपाल राष्ट्रिय माध्यमिक विद्यालय पाटेगुम्चालको संरचना निर्माणको लागि रु १४ लाख, बेरी पहिरो नियन्त्रणको लागि रु १० लाख, जनज्योती माध्यमिक

विद्यालय गुम्चालको घेराबारको लागि रु १० लाख, गारापानी मत्केना थर्कोट मोटरबाटो निर्माणको लागि रु ८ लाख रुपैयाँ समेत विनियोजन गरेको छु।

- फुलबारी आधारभुत विद्यालय लुङ्ग्री ७ को भवन निर्माणको लागि रु ३० लाख, राजिपाटी हार्जङ मोटरबाटो स्तरवृद्धिको लागि रु २५ लाख रुपैयाँ विनियोजन गरेको छु।
- लुङ्ग्री गाउँपालिका अन्तर्गतको विद्युत लाइन मर्मत तथा विस्तार कार्यक्रमको लागि रु १० लाख रुपैयाँ विनियोजन गरेको छु।

**स्वास्थ्य**

- हार्जङ स्वास्थ्य चौकी भवन यसै वर्ष निर्माण सम्पन्न गर्नका लागि संघीय समपुरक अनुदान मार्फत  निर्माण कार्य सम्पन्न गर्न लागत साझेदारी रकम सहित रु १ करोड ५६ लाख २५ हजार विनियोजन गरेको छु।
- पाङ स्वास्थ्य चौकी भवन निर्माणको लागि संघीय समपुरक अनुदान मार्फत निर्माण कार्य सुरु गर्न गाउँपालिकाको साझेदारीमा रु ६८ लाख ७५ हजार रुपैयाँ विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाको लागि आवश्यक निःशुल्क औषधि खरिद गर्न रु. २५ लाख ८३ हजार व्यवस्था गरेको छु।
- गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी अन्य जिल्लामा रिफर हुने सुत्केरीको लागि गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्य संस्थामा सुत्केरी महिलालाई यातायात खर्च, स्वास्थ्य स्वयंमसेविकाको यातायात खर्च, सुरक्षित मातृत्व कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु। स्वास्थ स्वयंमसेविकालाई दिँइदै आएको यातायात खर्चमा ५०% ले वृद्धि गरेको छु।

- नेपाल सरकारद्वारा तोकिएका दिर्घ रोगीहरुलाई मासिक ५ हजारका दरले उपचार खर्च प्रदान गर्न संघीय सशर्त अनुदान मार्फत रु ६ लाख ४० हजार विनियोजन गरेको छु।
- नागरीक आरोग्य सेवा केन्द्र मार्फत आर्युवेदिक उपचारको प्रवर्धन र सुदृढिकरणको लागि संघीय सशर्त अनुदान र गाउँपालिकाबाट गरी रु ८ लाख विनियोजन गरेको छु।
- स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि सशर्त अनुदान बाहेक चालु र पूँजीगत गरी २ करोड ७९ लाख ५ हजार बजेट विनियोजन गरेको छु।

**शिक्षा**

- शैक्षिक क्षेत्र सुधारका लागि विगतका आ.व.मा गरिएका असल अभ्यासहरुलाई यस वर्ष पनि निरन्तरता दिनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- विद्यालय स्तरमा विद्यार्थीहरुको खेल तर्फको भावना जगाउनका लागि हाल विद्यालयमा तोकिएका खेल शिक्षकहरुलाई आधारभूत खेलकुद सम्बन्धी ज्ञान प्रदान गर्नका लागि खेल शिक्षकका लागि तालिम सञ्चालन गर्न आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।
- स्थानीय तह अन्तर्गत शैक्षिक प्रदर्शनी सञ्चालन गर्न तथा एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धी क्षमता विकास तालिमका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।
- लुङ्ग्री गाउँपालिकाको स्थानीय पाठ्यक्रमलाई व्यवस्थित बनाउनका लागि यस वर्ष कक्षा १-३ को पाठ्यपुस्तक तयार गरिएकोमा आगामी आ.व.मा कक्षा ८ सम्म नै स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गर्नका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु।
- लुङ्ग्री गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाले प्रदान गर्ने गाउँपालिका अनुदान शिक्षकको संख्या र विद्यार्थीको संख्याका बीच तादाम्यता

कायम गर्नका लागि दरबन्दी मिलान कार्य गर्ने गरी रु. ५ लाख बजेट विनियोजन गरेको छ।

- विद्यालयमा शिक्षकहरुको सरुवा हुने तथा बीच बीचमा विद्यालय छाड्ने र परीक्षा गराउनु पर्ने झण्झटलाई अन्त्य गर्न र विद्यालयमा शिक्षकको नियमित पूर्ती गराउनका लागि शिक्षक बैंक निर्माण गर्नका लागि रु. ५ लाख विनियोजन गरेको छ।
- विद्यालयको भौतिक पूर्वधार निर्माण कार्यलाई निरन्तरता दिदै विद्यार्थी मैत्री पुर्वाधार निर्माण गर्न स्थानीय सरकारको साझेदारीमा विद्यालय भवन निर्माण गर्ने संघीय सशर्त अनुदान मार्फत रु ६० लाख विनियोजन गरेको छ।
- विद्यालयस्तरमा रेडक्रश सर्कल र स्काउटको गठन गरी निजहरुलाई विपद प्रतिकार्य सम्बन्धी कार्यमा खटाउनका लागि आवश्यक तालिम तथा क्षमता विकासको लागि बजेट विनियोजन गरेको छ।
- गाउँपालिका अन्तर्गतका विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. र शि.अ.स. अध्यक्षहरुको नेतृत्व विकास तथा उत्प्रेरण कार्यक्रम, खेलकुद शिक्षकका लागि प्रशिक्षण तालिम, विषयगत शिक्षकका लागि पेशागत क्षमता विकास तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ।

- लुम्बिनी प्रदेश सशर्त अनुदान मार्फत जनचेतना प्रा.वि लुङ्ग्री-६ को भवन निर्माण गर्न रु ९ लाख, जनता प्रा.वि बलाले, लुङ्ग्री-५ को फिल्ड निर्माण गर्न रु ९ लाख, ज्योती आ.वि, लुङ्ग्री ५ सेवारको भवनको तला थप गर्न रु १६ लाख, बालकल्याण प्रा.वि लुङ्ग्री १ भैवाङको भवन निर्माण गर्न रु १० लाख, सिमेगिठा आधारभूत विद्यालय लुङ्ग्री ३ जुतुङखोला भवन निर्माण गर्न रु ८ लाख, सुनछहरी बालविकास केन्द्र लुङ्ग्री ७ भवन निर्माण गर्न रु ८ लाख विनियोजन गरेको छ।
- शिक्षा क्षेत्रको समग्र विकासका लागि सशर्त अनुदान बाहेक चालु र पूँजीगत गरी ३ करोड १९ लाख १९ हजार बजेट विनियोजन गरेको छ।

**कला, संस्कृति तथा पर्यटन**

- गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव, भाषा संस्कृति लगाएत पर्यटकिय स्थलहरुको पहिचान, प्रवर्धन, संरक्षण, प्रचार प्रसार मार्फत पर्यटकको संख्या बृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- लुङ्ग्री गाउँपालिका वडा नं.६ मा रहेको थाम लेकको पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि पूर्वाधार निर्माण तथा प्रचार प्रसारका लागि प्रदेश समपुरक अनुदान मार्फत एकमुष्ट रु १ करोड ७ लाख १४ हजार ३ सय विनियोजन गरेको छु।
- शिवजी मन्दिर निर्माण लुङ्ग्री-२ को लागि रु ५ लाख, जुतुङखोला बेथल मन्डलि चर्च निर्माण लुङ्ग्री-३ को लागि रु ५ लाख विनियोजन गरेको छु।

**सामाजिक सुरक्षा, सामाजिक न्याय तथा लैङ्गिक समानता**

- जेष्ठ नागरीक तथा अशक्तको लागि घरमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थाको लागि बैंकसँग समन्वय गरी वितरण कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।
- लुङ्ग्री गाउँपालिकामा खाद्य संस्थान सँगको सहकार्यमा खाद्य डिपो सञ्चालन गर्नका लागि खाद्य विक्रीकेन्द्र सञ्चालन तथा व्यवस्थापन चक्रिय कोषमा रु १० लाख विनियोजन गरेको छु।
- "उपाध्यक्षसँग विपन्न महिला तथा सुनौलो हजार दिन कार्यक्रम" सञ्चालन गर्नका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।
- बालबालिका, विपन्न महिला, दलित, अपाङ्ग, सहिद तथा घाइते परिवार लक्षित आयआर्जन तथा सशक्तीकरण लागि महिला तथा बालबालिका शाखा, लघु उद्यम विकास शाखा, बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

- अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना गर्न तथा निजहरुको क्षमता अभिवृद्धि गर्नका लागि संघ, प्रदेश तथा साझेदार संस्थासँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न रु. २८ लाख ४२ हजार रुपैया विनियोजन गरेको छु।
- विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्‌को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ समेतको चरणको लागि आवश्यक तयारी गरीनेछ। विपद् न्यूनीकरण तथा प्रतिकार्यकालाई विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरीनेछ। उद्दार, राहत र पुनःस्थापना मार्फत विपद् व्यवस्थापनलाई सम्बोधन गर्न रु १० लाख विनियोजन गरेको छु।
- गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन संघीय सरकारबाट रु ४० लाख र गाउँपालिकाबाट रु ५ लाख गरी रु ४५ लाख विनियोजन गरेको छु।
- राष्ट्रिय महिला सशक्तिकरण परियोजना अन्तर्गत मानव विकास सूचकांकमा पछाडी परेका महिलाहरुको जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न रु ९ लाख विनियोजन गरेको छु।
- प्रदेश सरकार सँगको साझेदारीमा स्थानीय तहमा बालविवाह न्यूनिकरण गराउन तथा बालविवाह मूक्त पालिका घोषणा गर्नका लागि आवश्यक तयारी गर्न रु १० लाख विनियोजन गरेको छु।
- विभिन्न दिवसीय कार्यक्रम मार्फत सचेतना अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु। साथै दलित लक्षित कार्यक्रमलाई निरन्तरता दिएको छु।

**युवा, रोजगारी तथा खेलकुद**

- हाल एकिकृत रुपमा विकास भएको सिप, रोजगार तथा उद्यमशिलता केन्द्रलाई बढी सक्रिय बनाउँदै लगिनेछ।

- राष्ट्रिय रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जनका लागि संघीय सशर्त अनुदान मार्फत १० लाख ४७ हजार र गाउँपालिका मार्फत रु १० लाख ४७ हजार गरी जम्मा रु २० लाख ९४ हजार विनियोजन गरेको छु।
- युवा उद्यमी विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्नका लागि गाउँ युवा परिषद् मार्फत कार्यक्रम संचालन गर्न रु १० लाख विनियोजन गरेको छु।
- लघु उद्यम विकास कार्यक्रम मार्फत आय आर्जन वृद्धि गर्न संघीय सशर्त अनुदान मार्फत रु ११ लाख र गाउँपालिकाबाट रु ५ लाख गरी १६ लाख विनियोजन गरेको छु।
- विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई अझै व्यवस्थित बनाउन तथा जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सक्रिय सहभागी गराउनका लागि आवश्यक पर्ने रु १५ लाख विनियोजन गरेको छु।

**सुशासन**

- कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास गरी शासन संचालन तथा सेवा प्रवाहमा गुणस्तरीयता अभिबृद्धि गर्न कर्मचारी र जनप्रतिनिधि तालिमका लागि रु ८ लाख विनियोजन गरेको छु। साथै विषयगत शाखा र वडा मार्फत सम्बन्धित कर्मचारीहरुको क्षमता विकासको लागि कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औंल्याइएको बेरूजू रकम असुलीको कार्यलाई प्राथमिकताका साथ गरीनेछ ।
- गाउँपालिका अन्तर्गतका कर्मचारीहरु, शिक्षक, सहयोगी कर्मचारी लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको मनोबल अभिवृद्धि, जीवनयापन लागत तथा समग्र आर्थिक अवस्थालाई मध्यनजर गर्दै तलब तथा सुविधामा उपयुक्त सुधार गर्ने व्यवस्था गरिएको छ। यसको विस्तृत विवरण अनुसूचीमा राखिएको छ।

- गाउँपालिका अन्तरगत विभिन्न कार्यालयमा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक रकमको लागि रु २० लाख विनियोजन गरेको छु।

**गैर सरकारी संस्थासँग साझेदारी**

- स्ट्रोम फाउन्डेशन नेपाल र मानव अधिकार सचेतन केन्द्र हुरेक नेपाल रोल्पाको साझेदारी तथा लुङ्ग्री गाउँपालिकाको समन्वयमा यस गाउँपालिकाको वडा नं. ५, ६ र ७ मा समावेशी तथा गुणस्तरीय शिक्षा, मानसिक स्वास्थ्य, जीविकोपार्जन सबलीकरण कार्यक्रम संचालन गर्न सम्बन्धित गैर सरकारी संस्था मार्फत विभिन्न ६७ वटा क्रियाकलापमा रु २ करोड ८१ लाख ४४ हजार ७ सय ७८ रुपैयाँ विनियोजन गरेको छु।
- गाउँपालिकाको आवश्यकता अनुसार प्राथमिकता प्राप्त क्षेत्रमा प्रस्तावना अनुसार अन्य गैर सरकारी संस्थाहरुसँग साझेदारीमा कार्यक्रम संचालनका लागि रु ३१ लाख रुपैया विनियोजन गरेको छु।

**राजश्व प्रशासन**

- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका आवश्यक स्रोत खोजी गरीनेछ। करको दर भन्दा दायरा अभिवृद्धिमा जोड दिइनेछ। कर तथा गैर करका साविकका दरहरुमा केही परिमार्जन गरेको छु।
- संविधान र कानून बमोजिम मूल्याङकनको आधारमा सम्पत्ति कर उठाउन सम्पत्तिको मूल्याङकन गर्न तथा करदाता शिक्षाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। यसवर्षदेखि स्व-घोषणाका आधारमा एकिकृत सम्पत्ति कर लाग्ने व्यवस्था गरेको छु।

आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद र सुशासन तथा संस्थागत विकासको कुल बजेट रु **४८ करोड ८४ लाख ९५**

**हजार ५ सय ७० संचित कोषबाट खर्च हुने गरी** विनियोजन गरेको छु। जसमध्ये चालु खर्च तर्फ रु ३६ करोड २२ लाख ७० हजार र पूँजीगत तर्फ १२ करोड ६२ लाख २५ हजार ५ सय ७० विनियोजन गरेको छु।

अन्त्यमा, आर्थिक वर्ष २०८३।८४ को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरू, सहिद परिवार तथा घाइते अपाङ्ग योद्धाहरु, शिक्षक, बुद्धिजीवी, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगाएत आम नागरीकमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

धन्यवाद ।।।

दिल कुमारी गुरुङ
उपाध्यक्ष